# पाठ ३

१. परमेश्वरले उहाँको पुस्तकमा लेख्नुभएको पहिले वचन के हो ?

- परमेश्वरले उहाँको पुस्तकमा लेख्नुभएको पहिलो वचन यही हो : आदिमा ।

२. परमेश्वरको पहिलो वचन किन 'आदिमा' भयो ?

- किनभने परमेश्वरले हामीलाई सबै कुराको सुरुवात थियो भन्ने कुरा थाहा पाएको चाहनुहुन्छ ।

३. आदिभन्दा पहिले के त्यहाँ कुनै नदी वा तालतलैया थिए ?

- अहँ, थिएनन् ।

४. आदिभन्दा पहिले के त्यहाँ कुनै पहाड वा रूखहरू थिए ?

- अहँ, थिएनन् ।

५. आदिभन्दा पहिले के त्यहाँ कुनै सूर्य, चन्द्रमा वा ताराहरू थिए ?

-अहँ, थिएनन् ।

६. आदिभन्दा पहिले के त्यहाँ कुनै जनावर वा चराहरू थिए ?

-अहँ, थिएनन् ।

७. आदिभन्दा पहिले के त्यहाँ कुनै पृथ्वी वा आकास थियो ?

- अहँ, थिएन ।

८. के आदिभन्दा पहिले त्यहाँ गोरो वा कालो छालाका मानिसहरू थिए ?

- अहँ, थिएनन् ।

९. के आदिभन्दा पहिले त्यहाँ आत्माहरू थिए ?

- अहँ, थिएनन् ।

१०. आदिभन्दा पहिले एक्लै बसोबास गर्ने को हुनुहुन्थ्यो ?

- परमेश्वर ।

११. किनभने परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो, त्यसो भए सबैथोकहरूभन्दा महान् को हुनुहुन्छ ?

- परमेश्वर ।

१२. किनभने केवल परमेश्वर मात्रै आदिभन्दा पहिले बसोबास गर्नुहुन्थ्यो, केवल कसले मात्रै हामीलाई सुरुवात (आदि) को बारेमा भन्नसक्नुहुन्छ ?

- परमेश्वर ।

१३. परमेश्वरको सुरुवात कहिले भयो ?

- परमेश्वरको कुनै आदि छैन ।

- परमेश्वर सदासदाको निम्ति जीवित हुनुहुन्छ ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

१४. के कसैले परमेश्वरलाई जन्माएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

१५. के परमेश्वरले आफैले आफूलाई जन्माउनुभएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

१६. के कसैले परमेश्वरलाई बनाएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

१७. के परमेश्वरले आफूले आफैलाई बनाउनुभएको हो ?

- अहँ, होइन ।

- परमेश्वर अनन्तसम्मै हुनुहुन्छ ।

१८. के परमेश्वरको अस्तित्व नभएको त्यस्तो कुनै समय थियो र ?

- अहँ, थिएन ।

- परमेश्वर सदासदा जीवित हुनुहन्छ ।

- परमेश्वर सदासदा जीवित हुनुहुनेछ ।

१९. मानिसलाई जीवित रहनको लागि खाना र पानीको खाँचो पर्छ । परमेश्वरलाई जीवित रहनको लागि के कुराको खाँचो पर्छ ?

- परमेश्वरलाई जीवित रहनको लागि कुनै कुराको खाँचो पर्दैन ।

२०. त्यसोभए परमेश्वर कसरी जीवित रहनुहुन्छ त ?

- उहाँको आफ्नै सामर्थ्यले ।

- परमेश्वरलाई किन खानको लागि खाना र पिउनको लागि पानीको खाँचो पर्दैन भन्ने तपाईं विचार गर्नुहुन्छ ?

- किनभने परमेश्वरको मानिसहरूको जस्तो शरीर छैन ।

- परमेश्वरलाई किन उज्यालोको निम्ति सूर्यको खाँचो छैन भन्ने तपाईं विचार गर्नुहुन्छ ?

- किनभने परमेश्वरको मानिसहरूको जस्तो शरीर छैन ।

- परमेश्वरलाई किन हिँड्डुल गर्न जमिनको खाँचो छैन भन्ने तपाईं विचार गर्नुहुन्छ ?

- किनभने परमेश्वरको मानिसहरूको जस्तो शरीर छैन ।

- के परमेश्वरको मासु छ ?

- अहँ, छैन ।

- के परमेश्वरको हड्डी छ ?

- अहँ, छैन ।

- के परमेश्वरको रगत छ ?

- अहँ, छैन ।

- परमेश्वरको मासु वा हाड वा रगत छैन ।

- यदि परमेश्वरको मासु वा हाड वा रगत छैन भने परमेश्वर के हुनुहुन्छ त ?

- परमेश्वर आत्मा हुनुहुन्छ ।

- परमेश्वर आत्मा हुनुहुन्छ भन्नुको मतलब के हो ?

- यहाँ एउटा उदाहरण छ :

- के तपाईं हावालाई देख्न सक्नुहुन्छ ?

- अहँ, सक्दिनँ ।

- तर के हावा छ ?

- हो, छ ।

- तपाईंले हावालाई देख्न नसकेजस्तै परमेश्वरलाई पनि देख्न सक्नुहुन्न ।

- तर हावाको अस्तित्त्व भएजस्तै परमेश्वरको पनि अस्तित्त्व छ ।

- यद्यपि तपाईं परमेश्वरलाई देख्न सक्नुहुन्न तर पनि उहाँ यहाँ हुनुहुन्छ ।

- परमेश्वर कहाँ हुनुहुन्छ त ?

- केवल परमेश्वरले मात्रै उहाँ कहाँ हुनुहुन्छ भनी भन्न सक्नुहुन्छ ।

- परमेश्वरले उहाँको पुस्तकमा उहाँ जहाँसुकै हुनुहुन्छ भनी भन्नुभएको छ ।

- परमेश्वरले उहाँ सदाकालको लागि जहाँसुकै हुनुहुन्छ भनी भन्नुभएको छ ।

- परमेश्वर आकासमा हुनुहुन्छ ।

- परमेश्वर धर्तिमा पनि हुनुहुन्छ ।

- परमेश्वर अहिले अमेरिकामा पनि हुनुहुन्छ ।

- परमेश्वर अहिले एशियामा पनि हुनुहुन्छ ।

- उहाँ अहिले युरोपमा पनि हुनुहुन्छ ।

- परमेश्वर अहिले यहाँ हुनुहुन्छ ।

- परमेश्वर सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ ।

- के कुनै मान्छे एकै समयमा अमेरिका र अफ्रिकामा हुनसक्छ ?

- अहँ, सक्दैन ।

- किन सक्दैन ?

- किनभने मानिसको शरीर हुन्छ ।

- किनभने मानिस एक समयमा एक ठाउँमा मात्रै हुनसक्छ ।

- परमेश्वर सदाकालको लागि जहाँसुकै हुनसक्नुहुन्छ किनभने परमेश्वरको कुनै स्थुल शरीर छैन ।

- परमेश्वर सदाकालको लागि जहाँसुकै हुनसक्नुहुन्छ किनभने परमेश्वर आत्मा हुनुहुन्छ ।

- परमेश्वर सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ ।

- तपाईं आफ्नो घर जानुभयो भने त्यहाँ तपाईंसँग को हुन्छ ?

- परमेश्वर ।

- तपाईं आफ्नो खेतमा जानुभयो भने त्यहाँ तपाईंसँग को हुन्छ ?

- परमेश्वर ।

- तपाईं आफ्नो साथी भेट्न जानुभयो भने त्यहाँ तपाईंसँग को हुन्छ ?

- परमेश्वर ।

- परमेश्वर सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ ।

- परमेश्वरबाट लुकिछिपि हामी कहाँ जानसक्छौ ?

- हामी परमेश्वरबाट लुक्नछिप्न सक्दैनौं ।

- किनभने परमेश्वर सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ, के त्यसो भए हामी परमेश्वरबाट लुक्न सक्छौं ?

- अहँ, सक्दैनौं ।

- हिमालको टुप्पोमा गएर लुक्ने कोशिस गर्‍यौं भने के हामी परमेश्वरबाट लुक्न सक्छौं ?

- अहँ, सक्दैनौं ।

- परमेश्वर जहाँसुकै हुनुहुन्छ ।

- आफ्नो घरको कुनामा गएर लुक्ने कोशिस गर्‍यौं भने के हामी परमेश्वरबाट लुक्न सक्छौं ?

- अहँ, सक्दैनौं ।

- परमेश्वर जहाँसुकै हुनुहुन्छ ।

- झाडीमा गएर लुक्ने कोशिस गऱ्यौं भने के हामी परमेश्वरबाट लुक्न सक्छौं ।

- अहँ, सक्दैनौं ।

- परमेश्वर जहाँसुकै हुनुहुन्छ ।

- हामीले धेरै कोशिस गऱ्यौं भने तापनि हामी परमेश्वरबाट लुक्न सक्दैनौं ।

- किन ?

- किनभने परमेश्वर सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ ।

- परमेश्वरको पुस्तकले परमेश्वर सबै ठाउँमा दगुर्ने भएकोले उहाँ जहाँसुकै हुनुहुन्छ भनेको छैन ।

- हो, छैन ।

- परमेश्वरको पुस्तकले परमेश्वरको सारा पृथ्वी ढाक्ने शरीर छ भनेको छैन ।

- हो, छैन ।

- परमेश्वरको पुस्तकले परमेश्वर सारा पृथ्वीभरि बस्नुभएको छ भनेको छैन ।

- हो, छैन ।

- परमेश्वरको पुस्तकले परमेश्वर आत्मा हुनुहुन्छ र उहाँ सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ भनेको छ ।

- परमेश्वरजस्तो यहाँ कोही पनि छैन ।

- केवल परमेश्वरमात्रै सदाकालको निम्ति जहाँसुकै हुनुहुन्छ ।

- हामी चाहे जहाँसुकै जाऊँ परमेश्वर त्यहाँ हुनुहुन्छ ।

- परमेश्वरले हामीलाई सबै समयमा देख्न सक्नुहुन्छ ।

- त्यसो भए परमेश्वर कति जना हुनुहुन्छ त ?

- परमेश्वर केवल एकमात्र हुनुहुन्छ ।

- परमेश्वरले उहाँको पुस्तकमा उहाँ केवल एक हुनुहुन्छ भन्नुभएको छ ।

- परमेश्वर एक हुनुहुन्छ तथापि उहाँ तीन व्यक्तित्व हुनुहुन्छ ।

- ती तीन व्यक्तित्व को हुनुहुन्छ जो एक परमेश्वर हुनुहुन्छ ?

- पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर ।

- परमेश्वर पिता परमेश्वर हुनुहन्छ ।

- परमेश्वर पुत्र परमेश्वर हुनुहुन्छ ।

- परमेश्वर पवित्र आत्मा परमेश्वर हुनुहुन्छ ।
- पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर सबै समान रूपले परमेश्वर हुनुहुन्छ ।
- जब तपाईंले परमेश्वरको बारेमा धेरै कुरा सिक्दै जानुहुनेछ तब तपाईंले परमेश्वर एक हुनुहुन्छ तर उहाँ तीन व्यक्तित्व हुनुहुन्छ भन्ने कुरा बुझ्नुहुनेछ ।